CC-0. Digitized by eGangotri and MIDF- Delhi

५०

अथ भाषा श्राद्ध कारिका



लेखक तथा प्रकाशक
देवराज शर्मा रूपाखेती
धा. जि. गा पं. नौविसे

मितिः— गोतमेश्वर मन्दिर उद्धाटन दिवस
२०३६ साल मार्ग कृष्ण पञ्चमी

मूल्यः— ४।— रूपैयाँ मात्र

२ छात्रेष्व-घुरसञ्चार प्रचारेना

प्राप्ति स्थान

१. भोटाहिटी काठमाडौं (नेपाल)
२. खानीखोला राम प्रसादको कपडा पसल।
३. त्रिशुली बुक सेलर लक्ष्मीदास, श्यामलाल।
४. धादिङ्ग सदरमुकामका बजारहरू।
५. धार्के बजार प्रेमलाल कपडा पसल।
६. ना. अ. चितवन जिल्ला पर्सा खैरेनी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धादिङ्ग जिल्ला अन्तर्गत नौविशे जीवनपुर दुई पञ्चायतको सिमानाको गौतमेश्वरा नदि त्रिवेणी (तिपिनी) घाटमा हिन्दु धर्म प्रचारक समितिले यो श्मशान घाटमा पर्ने सबै पितृहरुका संबन्धित ब्राह्मण देखि लोहार चर्मकार परियार संमका धनी गरिब वर्गहरुको श्रद्धाबाट २०३६ मार्ग कृष्ण पञ्चमीदेखि श्रीमद भागवत सप्ताहको अनुष्ठान यज्ञ संपन्न भयो ।

यज्ञारंभमा प्रतिज्ञा यस्तो थियो ।

अत्रश्मशाने दग्धा ऽदग्धानामूर्ध्वदैहिक क्रिया प्राप्ता
प्राप्तानां शुभा शुभगतिकानां ब्राह्मण/वैश्य शूद्रान्त्य
मृतानां पितृ पिशाचादि प्राप्त गतिकानांच भगवत्पद प्राप्तये
तथाच श्रीमन्महाराजाधिराज श्री श्री श्री श्री श्री
वीरेन्द्र वीर विक्रम शाह देवानां सौभाग्य तेजोविक्रम बृद्धि
प्राप्तये अद्यारभ्या सप्ताहैः श्रीमद भागवत यज्ञानुष्ठानं करिष्यावहे
(यहाँ बहुवचन प्रयोग गरीयो) यहि महोत्सभको सन्दर्भमा
श्राद्ध संबन्धि त्रुटीलाई समाली सबैले राम्रो गरुन भन्ने शुभ
कामनाले भाषा श्राद्ध कारिका प्रकाश गरियो ।।

धादिङ मण्डल नौवीशे जीवनपुर द्वयान्तरे ।।
महेश्वरा नदीतिरे नदित्रितय संगमे ।।१।।
मुनिना गौतमेनाथ स्तुतोऽ सौगौतमेश्वरः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रादुर्भूत इतिस्कन्द पुराणोक्ता शुभाकथा ॥२
तत्र श्मशान संपर्क विधि त्रुटित कर्मणाम्रम् ॥
दुर वस्थां परित्यज्य स्वर्गलो कादि प्राप्तये ॥३॥
वीरेन्द्र राजा सौभाग्य तेजो विक्रम वृध्दये ॥
अत्र भागवत यज्ञं निर्धनैः सधनैः कृतम् ॥४॥
तत्रत्वंगम्य भ्रपक्षाब्दे विक्रमे ऽलिगते र वौ
कृष्ण पक्षस्य पञ्चम्य मार ब्धा सप्तरात्रीकी ॥५॥
श्रीमद भागवती वार्ता हृद्यपूर्वा ऽमृत वर्षिणी॥
सपन्ना से विता भक्तैः श्रुतुर्वर्णास्त्य जातिभिः ॥६॥
भुवनेशीं हरिं शम्भुं गणेश भास्करं हृदि ॥
संस्मृत्वा देवराजोऽहं संग्रहे श्राध्दाः पध्दतिम् ॥७
सुन्नुहोस म श्राध्द पध्दति खुला भाषामहा भन्दछु॥
धर्म शास्त्रर कौमुदी नपढनेलाई सफा भन्दछु ॥
भाषा श्राध्द बिधान शुध्द सजिलो यो हेर राम्रो गरि
हेरे मात्र बुझिन्छ श्राद्ध विधिले गर्ने कुरा सर्सरि ॥८॥
जोश्रद्धा लिइ श्राद्ध गर्छ विधिले त्यो पितृको भक्त हो
पक्का भन्दछ धर्मसिन्धु नगरे त्यो व्यक्तिः चान्डल हो ॥
जस्तै कानुन बक्षिलाप गरने व्यक्ति प्रजाः होइन
त्यस्लै कानुन पितृको नबुझने त्यो मानिसै होइन ॥९॥
लिन्छन् जागिर खेति जोतर अरू व्यापार पेशा अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्छन् घर्व्यवहारमा यदि भने गर्छन् तश्राद्धै पनि ।।
पितृ कल्पर श्राद्ध कल्प गरुड रामायण मञ्जरी
मत्स्य भागवतादि, मा यहि कुरा लेखिन्छ बुझ्ने गरी।।१०।।
धर्मा काल कमाइ केहि नभए एकान्त जङ्गल गई
हात् जोरिकन सुर्य सामु बहुतै रोएर दुःखी भइ ।।
फर्की आई चलाउनु जसतसो आफ्नो व्यवस्था अनि
पितृ श्राप हटेर जान्छ मनुले भन्छन् सनातन पनि ।।११।।
केहो श्राद्ध कसोरि पितृहरूले खेखान पाँउँदछन्
श्रद्धाले गरने त श्राद्ध विधिले दिए जति पाउँछन् ।।
आफनापितृ मरेर राक्षेस भए आमिषनै पाँउँछन्
गोरू सर्प चरा भए तृणाहवा चारोहरू पाँउँछन ।।१२।।
अन्नै मिल्दछ पितमानिस भए द्यौताभए अमृत
जस्तो जन्मछ खाद्य त्यै किसिमको संपन्न होला स्वतः ।।
यैहो भाग्य विचार गर्नु जनले बाउ बराजु हरू
श्राद्धैले खुसि पारने विधि सबै भन्छन मुनीश्वरहरू ।।१३।।
जस्का वंशमहा सुपुत्र विधिले जोपिण्ड पानी दिनन्
बाले पुत्र जिवाउले धन बुडा जिवाउ.खेती दिनन् ।।
पितृहेरू पनि धनीर गरिबी चाला गरि हिड्दछन्
पिण्डै दान र तर्पणादिहरूमा आशा गरि भिड्दछन् ।।१४।।
प्रायश्चित्त विनात श्राद्ध गरदा त्यो राक्षसी श्राद्ध भो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउन्नन् पितृदेवताहरू कवै त्यो राक्षसैको भयो ॥
वाक्यै शुद्ध गरेर श्राद्ध गरदा पितृहरू पाँउँछन्
श्रद्धा भक्ति लिएर पूजनगरे ज्यौताहरू पाउँछन् ॥१५॥
पत्नीवाट तयार पाक्य रचना न्यूरेर पस्की लिनु
यौटै हात हुँदैन हात दुइटै लाएर पस्की दिनु॥
पत्नीछैन भनेत पाक्य रचना स्ववन्धुलेनै गरून
गोत्रैं भिन्न भएत पाक्य रचना कैल्यै नगर्नै गरून ॥१६॥
दीदीहेरू र सासु आप्त भगिनी नाताहरूले पनि
गर्नैहुन्न हुँदै हुँदैन कहिल्यै कस्तै भएता पनि ॥
पत्नी वन्धुहरू कुनै पनि छैदै छैनन् भनेता पनि
आफै पाक्य वनाइ पिण्ड रचना सर्जाम गर्नु अनि ॥१७॥
जस्तै यज्ञ महा गणेश सविता इन्द्रादिका गणाहरू
पूजिन्छन् उहि भाँति श्राद्ध विधिमा दरिद्र पितृहरू ॥
नातादार र प्रेत राक्षस पुरा जुठो वटुल्ने सव
पितृका संग श्राध्द खानुछ भनि प्रस्थान गर्छन् तव ॥१८॥
लूछा चूड तँछाड तछाड गरदै धेरा दिदैं आउँछन्
जानि श्राध्द गरे सवै तिविचरा खानेकुरा पाउछन ॥
दर्जा माफिक लेप शेष विकिर पाएर खान्छन् अव
पितृका संग आउने तीवीचरा दुःखी अभागी सव ॥१९॥
लोग्नेले वरकास् गरेर अथवा जुठो सियारो मरि
संस्कारैं नगरि मरेर अथवा प्रेतत्वमा परिपछि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाने आश लिने जमात विधिले कुशमा छरेको भए
खानेछन् त्यसलाई भन्नु विकिराशन भात त्यस्मा भए।।२०
रित्तो मोटक राखि हुन्छ विकिराशन लौकसोरि भनु
कुठो बाक्य पढेर श्राद्ध विधिता हुँदैन भन्छन् मनु।।
अर्को फौजछ अग्निदग्ध अरु दाग्वत्ती नपाइकन
भैंको भात टिपेर खाई हिंडने आयो अभागी जन ।।२१।।
भैंमा छैन रदर्भ माथि छ भने भोकै परेनी कठै
भन्छन् पण्डित धर्म सिन्धु बुझने छाती फुटाइ कठै।।
यस्तो अर्थ बुझेर त्यो विकिर लौकुशमा र भैंमादिनु
मंत्रै को पनि अर्थ बुझन नशके जान्ने संगै सोधनु ।।२२।।
पाए भोजन पितृले अनि विकिर खाने हरूले पनि
संछी पिण्ड स्वपितृलाइ अवयो अमृत स्वरुप हो भनि ।।
पत्नीबाट तयारी पिण्ड विधिले श्रद्धा लिई मन्महा
दिनै पछे सकेनता यवि भने रुनु गई वाग्महा ।।२३।।
वेदीमा जब पिण्ड दान हुनगो हात चाट्न पाउँ भनि
पितृका दल आँउछन् अब कति कस्लाई बाँडने अनि ।।
दर्भैले पुछ पाछ पारि भूँईमा पोखेर हातै पनि
धोई पानि खसाउ भन्छ विधिले त्यो धर्म सिन्धु पनि।।२४।
यस्तो लेपर हातको जलछरि दिदैन जस्ले जब
भोकै घाँटी सुकाउदै तिविचरा खुत्रुक्क पछेन् तब ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्को फौजछ शेषखान अब त्यो तंसि अगाडीसरो
पिण्डैकोत पुरा सबै चिजलिइ भैंमाथि छर्नै परो ।।२५।।
यस्तो ज्ञान लिएर श्राध्द गरदा यो श्राध्दको सार भो
अर्थ केहि नजानि श्राध्द गरदा अनर्थको भारभो ।।
यस्तो श्राध्द गरेर कौशिक पुरोहितको विसर्जन गरुन
बत्ती देखि डराउँछन् पितृहरू त्यो दीप छोपि दिनु ।।२६।।
विद्वान् हेरुन आफना विषयमा मात्रै सिपालू भए
गोठाले बिचरा पुरोहित भई श्राध्दादि गर्न भए ।।
संबोधन कुनहो र कर्म कुनहो षष्ठी चतुर्थी कता
पितृः देखित मातुः भन्न सजिलो श्वश्रोः कताहोकता ।।२७।।
मात्रे भन्नत जानियो जसतसो मातामही सासुको
पत्नीको पतिको बुहारीहरुको के भन्नु भाउजुको ।।
यस्तो नस्ट र भ्रस्ट वाक्य नभइ शुध्दै गरि बोलने
काँहि कात्ति नरोकिने गरि सबैको श्राध्दमा बोलने ।।२८।।
यस्तो श्राध्द विधि प्रकाश गरियो हेरुन सबैले अब
अक्षमात्र पढेर जान्न सकिने पढुन सबैले अब।
ब्राह्मणले पढनेत वाक्य बुझनु (व्रा) लेखिएको छहै ।।२९।।
(यः)देखे पछि पढनुपर्छ यजमानले भनेको छ है
भाषा शुध्दत छैन पढन सजिलो पारीदिएको छ है
श्राध्दैको विधिमात्र शुध्द सजिलो लेखीदिएको छ है।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर्पणमा सजिलै छ जान्नु प्रथमा हो कर्म आवाहना
सीदा दान दिदा र आशिष दिदा जानी चतुर्थी भन।।३०
प्रतिज्ञा गरदा र आसन दिदा षष्ठी मिलाइकन
अर्घै त्योदकमापति यहि कुरा जानेर राम्रो भन।।
सम्बोधन अरु वाक्यमा बुझनुहै यो शास्त्रको उक्तिहो
भ्रष्टाचार अशुद्ध वाक्य विधिले गर्दा असत्कर्म भो।।३१।।
यस्को ख्याल नराखि प्रोहितहरूले श्राद्ध गछेन् जब ।।।
त्यस्लाई यजमानले त बहुतै ठक्कर दिनेछन् अब ।।१।।
बुझनेलाई छ भारि बुझन नसके के हो र यो पत्कर ।
बुझने कोशिस गर्छता यदि भने खाँदैन त्यो ठक्कर ।।३२।।

शुद्ध वाक्य

पुरुषको प्रथमा-गोत्रः शर्मा स्वरुपः पिता
स्त्रीको प्रथमा-गोत्रा--देवी--स्वरुपा इत्यादि

यो साइजका पुस्तकहरू

१) भाषा श्राद्ध कारिका
२) सुगम श्राद्ध पद्धति प्रतिनिधि श्राद्ध समेत
३) श्री सत्य नारायण पुजा
४) सबै स्त्री जातिले पनि गर्न हुने पञ्चायतन (पाञ्चायन) पुजा

हिन्दु धर्म प्रचारक समिति धा. जि. नौविसे जीवनपुर

मुद्रक : आर्ट प्रिन्टिङ्ग प्रेस, ज्यावहाल, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal